# एज्राको पुस्तक

## कोरसले कैदिहरूलाई फर्कनमा मद्दत गरे

१ प्रथम वर्षमा कोरेस फारस का राजा थिए।
अगमवक्ता यर्मियाह द्वारा बोलिएको परमप्रभुको
वचन पूर्ण गर्नका निम्ति परमप्रभुले फारसका राजा
कोरेसलाई उनको राज्य भरि घोषणा गर्ने प्रेरणा दिनु
भयो। कोरेसले त्यो घोषणा लेखे अनि आफ्नो राज्य
को सबै स्थानमा पढ़िदिए। त्यसमा यो भनिएको थियो:

२“फारसका राजा कोरेस यो भन्नुहुन्छ:
परमप्रभु, स्वर्गका परमेश्वरले पृथ्वीका सम्पूर्ण
राज्यहरू मलाई दिनु भएको छ, अनि उहाँले
यहूदाका यरूशलेममा उहँको निम्ति एक मन्दिर
निर्माण गर्न मलाई नियुक्त गर्नु भएको छ।
३उहाँका समस्त मानिसहरू मध्ये को तिमीहरूसित
छन्? तिनीहरूका परमेश्वर तिनीहरूका साथ रहून्।
अनि परमप्रभु, इस्राएलका परमेश्वर, जो परमेश्वर
यरूशलेम रहनुहुन्छ र उहाँको मन्दिर निर्माण गर्न
यहूदाको मानिसहरू यरूशलेममा जान सक्छन्।
४जो यहूदाहरू बस्ने सबै भूमिहरूमा बस्छन् जो
फर्किएर आए तिनीहरूलाई सुन र चाँदी, सामाग्री
अनि पशुहरू इच्छा अनुसारका भेटीहरू दिएर
यरूशलेममा परमेश्वरको मन्दिरको निम्ति सहायता
गरोस्।”

५तब यहूदा अनि बिन्यामिन कुलका अगुवाहरू अनि
पूजाहारीहरू र लेवीहरू जानलाई तयार भए। प्रत्येक
व्यक्तिलाई परमेश्वरले यरूशलेममा परमप्रभु को मन्दिर
निर्माण गर्न जानको निम्ति प्रेरणा दिनु भयो। ६तिनीहरू
का समस्त छिमेकीहरूले चाँदी द्वारा निर्मित वस्तुहरू,
सुन, माल-ताल अनि पशु-प्राणिहरूको साथै मुल्यवान
भेंटीहरू सहित सबै किसिमका स्वेच्छिक अर्पणहरू
प्रदान गरेर तिनीहरूलाई सहयोग गरे। ७राजा कोरेसले
परमप्रभुको मन्दिरका ती भाँडा-वर्त्तनहरू पनि ल्याए जो
नबूकदनेसरले यरूशलेमबाट लगेका थिए। अनि आफ्ना
देवताहरू को मन्दिरमा राखेका थिए। ८फारसका राजा
कोरेसले ती सामान कोषाध्यक्ष मिथ्रेदयलाई सुम्पिदिए।
अनि मिथ्रेदयले यहूदाका राजकुमार शेशबस्सरको निम्ति
गन्ती गरिदिए।
९यो तिनीहरूले परमेश्वरको मन्दिरमा ल्याएको
सामानको विवरण थियो:

| | | |
|---|---|---|
| | सुनका बटुकाहरू | ३० |
| | चाँदीका बटुकाहरू | १००० |
| | छुरीहरू | २९ |
| १० | सुनका सानो बटुकाहरू | ३० |
| | अन्य स-साना चाँदीका बटुकाहरू | ४१० |
| | अन्य भाड़ाहरू | १,००० |

११त्यहाँ जम्मा ५,४०० सुन अनि चाँदीका वस्तुहरू
थिए। शेशबस्सरले यी सबै चीज बीजहरू बाबेलवाट
कैदीहरूलाई यरूशलेममा ल्याउँदा ल्याएका थिए।

## फर्किर आएका कैदिहरूको सूची

२ त्यस प्रदेशका यी मानिसहरू कैदबाट फर्केका
थिए। जसलाई बाबेलका राजा नबूकदनेसरले कैदी
बनाएर बाबेलमा लगेका थिए। तिनीहरू प्रत्येक आफ्नै
शहर यरूशलेम अनि यहूदामा फर्किए। २यी मानिसहरू
ती छुन जो यरूबाबेल, येहूअ, नहेम्याह, सरायाह,
रेलायाह, मोर्दकै, बिल्शान, मिस्पार, बिग्बै अनि रहूम
बानाहरू साथ फर्कि आएका थिए। इस्राएलको प्रजाका
पुरूषहरूको सूची यो हो:

| | | |
|---|---|---|
| ३ | परोशका सन्तानहरू | २,१७२ |
| ४ | शपत्याहका सन्तानहरू | ३७२ |
| ५ | आरहका सन्तानहरू | ७७५ |
| ६ | पहत-मोआबका सन्तानहरू येशूअ अनि योआब परिवारबाट | २,८१२ |
| ७ | एलामका सन्तानहरू | १,२५४ |
| ८ | जत्तू का सन्तानहरू | ९४५ |
| ९ | जक्कैका सन्तानहरू | ७६० |
| १० | बानीका सन्तानहरू | ६४२ |
| ११ | बेबैका सन्तानहरू | ६२३ |
| १२ | अज्गादका सन्तानहरू | १,२२२ |
| १३ | अदोनीकामका सन्तानहरू | ६६६ |
| १४ | बिग्गैका सन्तानहरू | २,०५६ |
| १५ | आदीनका सन्तानहरू | ४५४ |
| १६ | आतेर सन्तानहरू हिजकियाका परिवारबाट | ९८ |
| १७ | बेजैका सन्तानहरू | ३२३ |
| १८ | योराका सन्तानहरू | ११२ |
| १९ | हाशूमका सन्तानहरू | २२३ |

२० गिब्बारका सन्तानहरू ९५
२१ बेतलेहेमका सन्तानहरू १२३
२२ नतोपाहका मानिसहरू ५६
२३ अनातोतका मानिसहरू १२८
२४ बेत-अज्माबेतका मानिसहरू ४२
२५ किर्यात-आरीम कपीरा
अनि बेरोतका मानिसहरू ७४३
२६ रामा अनि गिबा शहरका मानिसहरू ६२१
२७ मिक्मासका मानिसहरू १२२
२८ बेतेल अनि ऐका मानिसहरू २२३
२९ नेबोका मानिसहरू ५२
३० मग्बीशका मानिसहरू १५६
३१ अर्कोशहर एलाम का मानिसहरू १,२५४
३२ हारीम शहरका मानिसहरू ३२०
३३ लोब, हादीद अनि ओनो का
मानिसहरू ७२५
३४ यरीहो का मानिसहरू ३४५
३५ सेनाह शहरका मानिसहरू ३,६३०

३६यी पूजाहारीहरू:
यदायाहका सन्तानहरू योशूअका
घरबाट ९७३
३७ इम्मेरका सन्तानहरू १,०५२
३८ पहशूरका सन्तानहरू १,२४७
३९ हारीमका सन्तानहरू १,०१७

४०लेवातीहरू:
येशूअ अनि कदमीएलका
होदबियाहका सन्तानहरू ७४
४१गायकहरू:
आसापका सन्तानहरू १२८

४२मन्दिरका द्वारपालहरूका सन्तान:
शल्लूम, आतेर, तल्मोन, अक्कूब,
हतीता, अनि शोबैका सन्तानहरू १३९

४३यिनीहरू मन्दिरका सेवकहरू:
सीहाका सन्तान, हसूपका सन्तान
र तब्बाओतका सन्तानहरू।
४४ केरोसका सन्तान, सीआका सन्तान
र पादोनका सन्तानहरू।
४५ लबानका सन्तान, हगाबाका सन्तान
र अक्कूबका सन्तानहरू।
४६ हागाबका सन्तान, शल्मैका सन्तान
र हाननका सन्तानहरू।
४७ गिद्देलका सन्तान, गहरका सन्तान
र रायाका सन्तानहरू।
४८ रसीनका सन्तान, नकोदका सन्तान
र गज्जामका सन्तानहरू।
४९ उज्जाका सन्तान, पासेदका सन्तान
र बेसैका सन्तानहरू।
५० अस्नाका सन्तान, मेनिमका सन्तान
र नोपिसीमका सन्तानहरू।
५१ बक्बूकका सन्तान, हकूपाका सन्तान
र हर्हरका सन्तानहरू।
५२ बस्लूतका सन्तान, महीदका सन्तान
र हर्शाका सन्तानहरू।
५३ बर्कोसका सन्तान, सीसराका सन्तान
र तेमहका सन्तानहरू।
५४ नसीहका सन्तान अनि हतीपाका सन्तानहरू।

५५सुलेमानका सेवकहरूका सन्तानहरू:
सोतैका सन्तान र हस्सोपेरेतका सन्तान
अनि परूदाका सन्तानहरू।
५६ यालाका सन्तान, दर्कोनका सन्तान
र गिद्देला सन्तानहरू
५७ शपत्याहका सन्तान, हत्तीलका सन्तान
र पोकरेत हसबायीमका सन्तान
अनि आमीका सन्तानहरू
५८ समस्त मन्दिरका सेवकहरू अनि
सुलेमानका सेवकहरूको संख्या ३९२ थियो।

५९निम्न लिखित मानिसहरू तेल मेलह, तेल हर्शा
करूब, आदान अनि एम्मेर शहरहरूबाट यरूशलेममा
आएका हुन्, तर तिनीहरूका आफ्ना परिवार अनि
छोरा-छोरीहरू इस्राएलका थिए भनी प्रमाण दिन सकेनन्।
६० दलायाहका सन्तान, तोबियाहका सन्तान,
अनि नकोदका सन्तानहरू ६५२ थिए।

६१अनि पूजाहारीहरूका परिवार:
हबायाहका, सन्तानहरू, हक्कोसका सन्तान अनि
बर्जिलैका सन्तानबाट (एक व्यक्ति जसले गिलादी
बर्जिलैका छोरीलाई विवाह गरेका थिए, अनि
तिनीहरू कै नाउँ द्वारा सम्बोधन गरिथ्यो।)

६२यी मानिसहरूले तिनीहरूको परिवारिक इतिहास
खोजे तर तिनीहरूले पाउन सकेनन्। यसैकारणले तिनीहरूले
पूजाहरीगिरी हुनबाट अशुद्ध भैं निकालिदिए।
६३राज्यपालले तिनीहरूलाई भने कि जब सम्म ऊरीम
अनि तुम्मिम उपयोग गर्न सक्ने पूजाहारी त्यहाँ हुँदैन।
कुनै पनि महापवित्र चीज तिनीहरूले खान सक्ने छैनन्।
६४-६५जन समुहका तिनीहरूका सेवक सेविकाहरू
७,३३७ पुरूष सेवक अनि स्त्री सेविकाहरू बाहेक
जम्मा ४२,३६० मानिसहरू थिए। अनि तिनीहरू सित

२०० पुरूष र स्त्री गायक-गायिकाहरू पनि थिए।
६६-६७तिनीहरूका। ७३६ घोड़ाहरू, २४५ खच्चरहरू,
४३५ ऊँटहरू अनि ६,७२० गधाहरू थिए।
६८सन्तानका केहि अगुवाहरू, जब यरूशलेम मा
परमप्रभुको मन्दिरमा आइपुगे। त्यो स्थानमा परमेश्वर
को मन्दिरलाई पुनर्निर्माण गर्न स्वेच्छाले भेटीहरू प्रदान
गरे। ६९तिनीहरूको योग्यतानुसार तिनीहरूले, यस कार्यका
निम्ति कोष-भण्डारलाई ५०० किलोग्राम सुन, ३,०००
किलोग्राम चाँदी, अनि पूजाहारीको निम्ती १०० अङ्ग
वस्त्रहरू दिए।

७०पूजाहारीहरू, लेवीहरू, केहि अन्य मानिसहरू,
गवैयाहरू, द्वारपालहरू अनि मन्दिरका सेवकहरू आफ्ना
शहरहरूमा बस्थे अनि सबै इस्राएलीहरू आफ्ना शहरहरूमा
बस्थे।

## वेदीको पुर्नस्थापना

३ जब सातौं महीना आयो अनि इस्राएलका मानिसहरू
तिनीहरूको शहरहरूमा थिए, समस्त मानिसहरू
यरूशलेममा एकै साथ भेला भए। २योसादाकको छोरा
येशूअ अनि तिनका संगी पूजाहारी र शालतीएलका
छोरा यरूबाबेल अनि तिनका मानिसहरूले इस्राएलका
परमेश्वरको बेदी पुन निर्माण गर्न शुरू गरे, जसमा कि
तिनीहरूले, परमेश्वरका मानिस मोशाको निर्देशनमा
लेखिए जस्तै गरी त्यसमा होमबलिहरूको बलिदान
अर्पण गर्न सकुन्।

३तिनीहरूले त्यो वेदी त्यसको खास घड़ेरीमा निर्माण
गरे किनभने तिनीहरू आफ्ना वरिपरिका मानिसहरूसित
डराएका थिए। अनि तिनीहरूले त्यसमा विहान बेलुकी
दुवै पटक अर्पणहरू होमबलि बलिदान चढ़ाए। ४तब
तिनीहरूले छाप्रो बासको चाड़ नियममा लेखिए अनुसार
मनाए। तिनीहरूले चाड़को प्रत्येक दिनको निम्ति
आवश्यक अनुसार ठीक संख्यामा होमबलि अर्पण
गरे। ५अनि त्यसपछि तिनीहरूले नियमित होमबलिहरू
र तोकिएका दिनमा परमप्रभुका तोकिएका सबै पवित्र
उत्सवका निम्ति अर्पणहरू चढाए। अनि तिनीहरूले
परमप्रभुलाई स्वेच्छाले बलिदानहरू अर्पण गरे। ६सातौ
महिनाको पहिलोदिन परमप्रभुलाई होमबलि चढ़ाउन शुरू
गरे।

## मन्दिरको पुनर्निर्माण

७यद्यपि तिनीहरूले त्यसबेला सम्म परमप्रभुको मन्दिरको
जग बसाएका थिएनन्। तब तिनीहरूले (मानिसहरू जो
फर्की आएका थिए) डकर्मीहरूलाई सिकर्मीहरूलाई
पैसा दिए भोजन, पिउने पदार्थ अनि भद्राक्षेको तेल
सीदोन र सोरका मानिसहरूलाई दिए जसद्वार तिनीहरूले
लबानोन समुद्र द्वारा योप्पामा देवदारका मूढ़ाहरू ल्याउनेछन्।
फारसका राजा कोरेसको अनुमति लिएर यसो गरियो।
८दोस्रोवर्षको दोस्रो महिनामा शालतीएलका छोरा यरूबाबेल
अनि योशादाकका छोरा येशूअले आफ्ना अन्य मानिसहरू,
पूजाहारीहरू, लेवीहरू कैदबाट यरूशलेममा परमप्रभुको
मन्दिरमा आए पछि यरूशलेम आउनेहरूले एकसाथ
काम शुरू गरे। ९परमप्रभुको मन्दिर निर्माण कार्यको
निरीक्षकको रूपमा काम गर्नका निम्ति २० वर्ष
अधिक उमेरका लेवीहरूलाई नियुक्त गरे। येशूअ,
तिनका छोराहरू अनि तिनका दाज्यू-भाइहरू, कदमीएल
अनि तिनका छोराहरू (यहूदाका सन्तानहरू) बिन्नूई
होदबियाहका छोराहरू अनि नातीहरू र तिनीहरूका
भाइहरू-लेवीहरूसंग परमेश्वको मन्दिरमा काम गर्नेहरूको
निरक्षण गर्न सहमत भए। १०जब निर्माणकर्त्ताहरूले
परमप्रभुको मन्दिरको जग बसाए तब पूजाहारीहरूले
आफ्ना विशेष वस्त्र लाएर हातमा तुरही लिए अनि
लेवीहरूले आफ्ना भ्याम्टाहरूको साथ, इस्राएलका
राजा दाऊदको निर्देश अनुसार परमप्रभुको स्तुति गर्न
आफ्नो स्थान ग्रहन गरे। ११आनि तिनीहरूले प्रत्युत्तर
गीतहरू, स्तुतिगीत अनि परमप्रभुको स्तुति गरे किनभने,
उहाँ भलो हुनुहुन्छ।

१२"किनभने इस्राएल प्रति उहाँको विश्वासमय प्रेम
सदा-सर्वदा रहिरहन्छ।" गाए अनि समस्त मानिसहरू
परमप्रभुको स्तुति गर्न जोड़ले कराए, किनभने परमपभुको
मन्दिरको जग बसालिएको थियो। तर धेरै अगुवा
पूजाहारीहरू, लेवीहरू अनि कुलका अगुवाहरू जस्ले
अघिको मन्दिर देखेका थिए, ती रोए। १३जब तिनीहरूले
यो मन्दिरको जग बसालिएका देखे। यद्यपि धेरै खुशीले
जोड़ सँग कराए। यसर्थ कसैले पनि खुशीको कराई
अनि रूवाइको आवाज छुट्याउन सकेनन्। किनभने
मानिसहरूले यति साह्रो हल्ला मच्चाइरहेका थिए कि
त्यो आवाज टाड़ा-टाड़ा सम्म सुनिन्थ्यो।

## मन्दिर पुनर्निर्माण गरेकोमा शत्रुहरूको विद्रोह

४ जब यहूदा अनि बिन्यामीनका शत्रुहरूले सुने कि
कैदीहरूले परमप्रभु, इस्राएलका परमेश्वरको मन्दिर
पुनर्निर्माण गर्दैछन्। २तिनीहरू यरूबाबेल, "कुलका
अगुवाहरू कहाँ आए। अनि तिनीहरूलाई भने।
हामीहरूलाई निर्माण गर्न र तिमीहरूलाई सहायता गर्न
देऊ, तिमीहरूले जस्तै हामी पनि तिमीहरूका परमेश्वरको
प्रार्थना गर्छौं अनि हामीहरू अश्शूरका राजा एसरहद्दोनको
समयदेखि बलिदान अर्पण गरिरहेका छौ जसले हामीहरूलाई
यहाँ ल्याएए।"

३तर यरूबाबेल येशूअ अनि इस्राएल का अन्य
कुलका अगुवाहरूले तिनीहरूलाई भने, "हाम्रो परमेश्वरको
मन्दिर निर्माण गर्न हामीलाई तिमीहरूले सहायता गर्नुपर्दैन।
किनभने फारसका राजा कोरेसले हामीलाई आदेश गर्नु
भए अनुसार परमप्रभु, इस्राएलका परमेश्वरका निम्ति
हामीले मात्र मन्दिरको निर्माण गर्ने छौ।"

४यस प्रकारले ती वरिपरिका मानिसहरूले यहूदाका मानिसहरूलाई हतोत्साह पारे अनि मन्दिर निर्माण गर्न तिनीहरूलाई भयभीत तुल्याए। ५फारसका राजा कोरेसको समयभरि, राजा दाराले शासन नगरे सम्म ती यहूदी मानिसहरू।

६अहासूरसको शासनकालको शुरूमा तिनीहरूले यहूदा अनि यरूशलेममा बस्ने यहूदीहरूको विरूद्ध एउटा अभियोग पत्र लेखेर पठाए।

## यरूशलेम पुनः निमार्ण गरेकोमा शत्रुहरूको विरुद्ध

७अनि आर्ट-जारसेज* समयमा बिश्लाम, मित्रदात, तोबेल अनि आफ्ना अन्य सहयोगीहरूले फारसका राजा आर्ट-जारसेजलाई कागजमा लेखेको पत्र आरामी लिपिमा* थियो, अनि अरमी भाषामा नै अनुवाद गरिएको थियो।
८उच्च आयुक्त रहूम, अनि शिम्शै, सचिवले यरूशलेमको विरूद्ध राजा आर्ट-जारसेजलाई एक पत्र यसरी लेखे:

९उच्च आयुक्त रहूम अनि शिम्शै सचिव र तिनिहरूका अन्य सहयोगिहरू, न्यायधीशहरू, आयुक्तहरू, फारसीहरू, एरेकहरू, बाबेल अनि शूशनका मानिसहरू अथवा एलामीहरू अनि अन्य मानिसहरू जसलाई महान अनि प्रख्यात अस्सूरबनिपालले तिनीहरूका देशबाट निकालेका थिए।
१०अनि सामरियाको शहरहरू र प्रदेशका नदीपारि अन्य स्थानमा बसेका थिए। यो, तिनीहरूले उनलाई पठाएका पत्र को एक प्रतीलिपि हो।

११राजा आर्ट-जारसेज प्रति, तपाईंका सेवकहरू, नदी पारिको प्रदेशका मानिसहरू द्वारा।

१२अब: राजालाई यो ज्ञानहोला कि यहूदीहरू जो तपाई बाट हामी कहाँ आएका थिए यरूशलेम गएका छन्। तिनीहरूले बागी अर्थात दुष्ट शहर पुनर्निर्माण गरिरहेछन्। तिनीहरूले पर्खालहरू पुनर्निर्माण गरिरहेछन् तिनीहरूले जग निर्माण गरिरहेछन्।

१३अब, राजाले यो कुरा जान्न सकून कि यदि त्यो शहरको पुनर्निर्माण भयो भने र त्यसका पर्खालहरू पूर्ण भए भने तिनीहरूले कुनै किसिमका तिरोहरू तिर्नेछैनन्। आखिरमा यसले राज्यसत्त प्रति हानी पुऱ्याउनेछ।

१४अहिले, हामीले राजा प्रति स्वामीभक्त हुने वचन दिएकाछौं। यसकारण राजा प्रति अपमान भएको हेर्नु हाम्रो निम्ति उचित होइन। यसैकारण कारण हामीले राजालाई सूचित गर्न यो समाचार पठायौं।

१५जसमा कि तपाईका पिता-पुर्खाहरूका अभिलेखमा खोजि गरियोस्। यी अभिलेखहरूमा तपाईंले यो पाउनुहुनेछ अनि जान्नु हुनेछ कि त्यो एक बागी शहर हो। एक शहर जसले राजाहरू अनि देशहरू प्रतिघात् पुऱ्याउँछ धेरै अघि देखिनै त्यो देश भित्र विद्रोह भईराइराखेको छ। यसैकारणले गर्दा त्यो शहर ध्वंश भएको थियो।

१६हामी राजालाई यो सूचित गर्दछौं, कि त्यो शहरको पुनर्निर्माण भयो अनि त्यसका पर्खालहरू को निर्माण भयो भने यूफ्रेटिस नदीको पश्चिमी सीमानापारी तपाईं को अधिकार रहने छैन।

१७राजाले यो सन्देश पठाए:

रहूम, उच्च आयुक्त अनि शिम्शै सचिव अनि तपाईंहरूका अन्य सरकारी मानिसहरू जो सामरियामा बस्छन् नदी पारिका अन्य प्रदेशहरू प्रति: अभिवादन।

१८अब: तिमीहरूले हामिलाई पठाएको पत्र मेरा समक्ष पढ़ियो र अनुवाद गरियो।
१९मैले एक आदेश दिए अनि खोज-तलाश गरियो तिनीहरूले यो थाहा पाए कि त्यो शहरले धेरै अधि देखि राजाहरूको विरूद्ध राजद्रोही गरेकोछ। त्यहाँ अवज्ञाकारि राजद्रोहीहरूको उपस्थित छ।
२०त्यहाँ यरूशलेममा शक्तिशाली राजाहरू थिए अनि जसले नदी पारिका समस्त प्रदेशहरू नियन्त्रण गरे। अनि सबै किसिमका तिरोहरू तिनीहरूलाई तिरिन्थ्यो।

२१अब, यी यहूदी मानिसहरूलाई काम रोक्नु भनि आदेश देऊ जसमा कि मैले त्यसो गर्ने आज्ञा न दिएसम्म त्यो शहरको पुनर्निर्माण गरिनेछैन।
२२यस कुरालाई नल्याइयोस। त्यसमा सावधान रहनु जस द्वारा राजकीय-रूचीप्रति अझ अधिक क्षति हुनेछैन।

२३रहूम, सचिव शिम्शै अनि तिनीहरूका सरकारी मानिसहरू राजा आट समर्क्ष जारसेजको पत्र पढ़िन साथै तिनीहरू तुरून्तै यरूशलेममा यहूदीहरू कहाँ गए। अनि बल एवं शक्तिद्वारा तिनीहरूले कामदारलाई काम बन्द गर्न लाए।

## मन्दिरको काम स्थगित

२४तब यरूशलेममा परमेश्वरको मन्दिर निर्माण कार्य रोकियो अनि त्यो कार्य फेरी फारसका राजा दाराको शासन कालको दोस्रो वर्ष* नभए सम्म शुरू भएन।

५ अहिले अगमवक्ता हाग्गै अनि इद्दोको छोरा जकर्याहले यहूदा अनि यरूशलेमका यहूदीहरूलाई

---

**आर्ट-जरासेज** फारस का राजा प्राय: ४६५-४२४ खृ-पू। तिनी जर्जकस का छोरा थिए।

**अरामी लिपि** बेबिलोनीया साम्राज्य को अफिसीय भाषा।

**दोस्रो वर्ष** मतलब ५२० खृ पू ।

इस्त्राएलका परमेश्वर-जो तिनीहरूमा थिए। परमेश्वरको नाउँमा अगम वाणी गरे। २तब शालतीएलका छोरा यरूबाबेल अनि योशादाकका छोरा येशूअ यरूशलेममा मन्दिर पुनर्निर्माण गर्न अग्रसर भए। परमेश्वरका अगमवक्ताहरू तिनीहरूको साथ थिए। अनि तिनीहरूलाई सहयोग गरे। ३त्यसबेला यूफ्रेटिस नदि पारि पश्चिमको प्रदेशमा राज्यपाल थिए। तात्तेनै शत्तर-बोज्नै अनि तिनीहरूका सहयोगीहरूले तिनीहरू कहाँ आए अनि तिनीहरूलाई सोधे: "यो मन्दिरको पुनर्निर्माण गर्न अनि पुन:स्थापना गर्नु भनी तिमीहरूलाई कसले अनुमति दियो?" ४त्यसपछि तिनीहरूलाई यो पनि भने, "ती मानिसहरूका नाउँ के, के हुन् जसले यो भवन निर्माण गरिरहेकाछन्?"

५तर परमेश्वरले यहूदीहरूका अगुवाहरूलाई हेरिरहनु भएको थियो। अनि दारालाई वृत्तान्त पठाइएको बेला तिनीहरूलाई कामगर्नबाट तिनीहरूले रोकेनन्, अनि यस सम्बन्धि एक लिखित आदेश फिर्ता पठाइँदै थियो।

६यो नदी पारि यूफ्रेटिस नदीको पश्चिम को प्रदेशका राज्यपाल तत्तनै अनि शत्तर-बोज्नै र तिनीहरूका सहकारिहरू, नदीपारीको प्रदेशका निरीक्षकहरूले राजा दारालाई पठाएको पत्रको प्रति हो। ७तिनीहरूले तिनलाई एक वृत्तान्त पठाए अनि त्यसमा यी कुराहरू लेखिएको थियो:

राजा दारा प्रति: सम्पूर्ण अभिवादन!

८यो कुरा राजालाई अवगत होस् कि हामी महान परमेश्वरको मन्दिर यहूदा प्रदेशमा गयौ, अनि विशाल शिला खण्ड द्वारा यसको पुनर्निर्माण हुँदैथियो, काठका बीमहरू पर्खालहरूमा लगाइँदै थियौ यो काम सरासरी गरिंदै थियो। तिनीहरूको हातबाट राम्ररी काम भईरहेको थियो।

९तब हामीले यी अगुवाहरूलाई यसप्रकारले प्रश्न गर्‍यौं हामीले तिनीहरूलाई भन्यौ, "तिमीहरूलाई यो परमेश्वरको मन्दिर पुन निर्माण गर्न अनि यो भित्ताको काम पुरा गर्न कसले अनुमति दियो?" १०हामीले तिनीहरूलाई उनीहरूको नाउँहरू पनि सोध्यौ जसद्वारा हामी तपाईंलाई यो सूचित गर्न सकौंकि हामी ती मानिसहरूका अगुवाहरूको थिए नाउँ लेख्न सकौं। ११तिनीहरूले हामीलाई यस प्रकारले जवाफ दिए:

"हामी स्वर्ग अनि पृथ्वीका परमेश्वरका सेवकहरू हौ हामीले त्यो मन्दिरको पुनर्निर्माण गरिरहेछौ जो धेरैं वर्ष अघि बनिएको थियो जसलाई इस्त्राएलका एक महान राजाले निर्माण गरी पूर्ण गरेका थिए। १२किनभने हाम्रा पूर्खाहरूले स्वर्गका परमेश्वरलाई क्रोधित तुल्याएका हुनाले उहाँले तिनीहरूलाई बाबेलका राजा नबूकदनेसर, चलदियनकोहातमा सुम्पिनु भयो, अनि तिनले यो मन्दिरलाई तोड़ि दिए र बाबेलमा कैदी बनाए ती मानिसहरूलाई लगे। १३तर बाबेलका राजा कोरेस को प्रथमवर्षमा, यो परमेश्वरको मन्दिरलाई पुनर्निर्माण गर्ने आदेश दिए। १४परमेश्वरको मन्दिरमा भएका सुन र चाँदीका भाँड़ा-वर्त्तन, थालहरू जो नबकदनेसरले यरूशलेमको मन्दिरबाट हटाएर बाबेलको मन्दिरमा राखेका थिए, राजा कोरेसले ती सबै बाबेलको मन्दिरबाट निकाले अनि शेशबस्सर नाउँ गरेका मानिसलाई दिए, जसलाई तिनले प्रशासक नियुक्त गरेका थिए।

१५अनि कोरेसल शेश्बज्जरलाई भने, "यो बस्तुहरू लैजाउ यरूशलेमको मन्दिरमा राख अनि परमेश्वरको मन्दिरको, त्यसको खास स्थानमा पुनर्निर्माण होस्।"

१६त्यसपछि शेशबस्सर आए अनि यरूशलेममा परमेश्वरको मन्दिरको जग बसाले। त्यस समयदेखि अहिलेसम्म यसको पुनर्निर्माण कार्य चलिरहेको छ, तर अझ सम्म सम्पूर्ण भएकोछैन।"

१७अब, यदि राजालाई इच्छा लाग्छ भने बाबेलको राज अभिलेखमा खोज-तलाश गरियोस कि यरूशलेममा परमेश्वरको त्यो मन्दिरको पुनर्निर्माण गर्ने आदेश राजा कोरेसले दिएका थिए भन्ने कुरा सत्य हो कि होइन भनी हेर्नलाई अनि त्यस पछि यस विषयमा राजाले उनको इच्छा हामी कहाँ पठाउन्।

## दाराको आदेश

६ तब राजा दाराले एक आदेश जारिगरे अनि तिनीहरूले बाबेलमा जहाँ कोष भण्डार गरिएका थिए, त्यहाँ अभिलेखाको खोज-तलाश गरे। २तर मादी प्रदेशमा राज वासस्थान-एक्बातानामा एक मुठा चर्मपत्र भेट्टाए त्यसमा यस्तो लेखिको थियो:

स्मारिका: ३राजा कोरेसको प्रथम वर्षमा, राजा कोरेसले यरूशलेममा परमेश्वरको मन्दिर सम्बन्धी एक आदेश दिए।

मन्दिर त्यस स्थानमा पुनर्निर्माण होस् जहाँ तिनीहरूले बलिदानहरू अर्पण गर्थे अनि यसको घड़ेरीमा जग उचालियोस्। ४यसको उचाइ ९० फीट चौड़ाइ ९० फिट हुनेछ। विशाल शिला खण्डका तीन पत्र अनि काठका बीम एक पत्र सहित त्यस को खर्च राज कोषबाट दिइनेछ। ५परमेश्वरको मन्दिरका सुन, चाँदी, भाड़ा-वर्त्तनहरू पनि जो नबूकदनेसरले यरूशलेमको मन्दिरबाट लगेका थिए, अनि बाबेलमा ल्याएका थिए फर्काइ ल्याउनु पर्छ, र यरूशलेमको मन्दिर त्यसको आफ्नो स्थानमा राखिनु पर्छ। अनि त्यसलाई परमेश्वरको मन्दिरमा राखिनु पर्छ।

६अब तिमी, यूफ्रेटिस नदीपारी, पश्चिमको
प्रदेशका प्रशासक तत्तनै अनि शत्तर-बोज्नै, अनि
तिनीहरूका सरकारी मानिसहरू, नदीपारीको प्रदेशका
निरीक्षकहरू, त्यहांबाट टाढ़ा बसे परमेश्वरको
मन्दिरको काममा दिक्दारी नदेऊ। ७यहूदीहरूका
प्रशासक अनि यहूदीहरूका धर्मगुरूलाई त्यसको
खास स्थानमा परमेश्वरको र मन्दिर पुनर्निर्माण
गर्न देऊ। अब, परमेश्वरको त्यो मन्दिर को पुन
निर्माण गर्दा यी यहूदी धर्मगुरूहरूका निम्ति
तिमीहरूले के गर्नु पर्छ

८त्यस सम्बन्धमा यो आदेश दिन्छु परमेश्वरको
मानिस: निर्माण कार्यमा यी मन्दिरको खर्च पुर्णरूपले
राज कोषबाट-नदीपारीको प्रदेशका तिरोहरूबाट-
तिरीनेछ-जसमा कि ९तिनीहरूले काम रोक्न नसकुन।
बाछाहरू, भेड़ाहरू वा धुपहरू स्वर्गका परमेश्वरका
निम्ति के चीज खाँचो छ गहुँ, नून, दाखरस वा
तेल जेपनि यरूशलेमका पूजाहारीहरूले निवेदन
गरून। १०ती दिनेछु नबिराइकन तिनीहरूलाई
दिइयोस् जसमा कि तिनीहरूले सुबास युक्त
बलिदानहरू स्वर्गका परमेश्वरलाई अर्पण गर्न
सकुन् अनि राजा र उनका। छोराहरूको जीवनका
निम्ति प्रार्थना गरून्।

११म आदेश दिन्छु, कि यदि कसैले यो
आदेशको अवहेलना गरे उसको घरबाट एउटा
खम्बा निकालेर उसलाई यसमा ठाड़ै झुण्डाउनु
पर्छ। र पिट्नु पर्छ अनि त्यसको घरलाई
ध्वंशावशेषको राश तुल्याउनु पर्छ।

१२आफ्नो नाउँलाई त्यहाँ बसाउनु हुने
यरूशलेमका परमेश्वरको त्यो मन्दिर नष्ट गर्नका
निम्ति यो आदेशलाई अवज्ञा गर्ने प्रयास गर्ने कुनै
राजा वा मानिसलाई परास्त गरून्।

म, दाराले यो आदेश गरेकोछु। यसलाई
सावधानीपूर्वक चाँड़ो पालन गरियोस्।

### मन्दिरको निर्माको समाप्ति र समर्पण

१३तब, यूफ्रेटिस नदीको पश्चिमको प्रदेशका प्रशासक
तत्तनै, अनि शत्तर-बोज्नै र तिनीहरूका सरकारी मानिसहरूले
राजा दाराले आदेश दिए जस्तै गरे। १४यहूदीहरूका
धर्मगुरूहरू अगमवक्ता हाग्गै अनि इद्दोका छोरा जकर्याह
अगमवाणिको रेखदेखमा निर्माण कार्य सफलता पुर्वक
गर्दै गए। इस्राएलका परमेश्वरको आदेश कोरेस,
दारा। १५अनि आर्ट-जारसेज फारसका राजाहरूको
आदेश द्वारा तिनीहरूले निर्माण कार्य पूर्ण गरे। यसरी
यो मन्दिर राजा दाराको* शासनकालको छैटौ वर्षको
अदार* महीनाको तेस्रो दिन पुर्ण गरियो।

१६त्यस पछि इस्राएलका मानिसहरू, अनि लेवीहरू
र अन्य फर्किआएका कैदीहरूले परमेश्वरको यो मन्दिरको
समर्पणको उत्सव खूबै हर्षसाथ मनाए।

१७परमेश्वरको मन्दिरको समर्पणको निम्ति तिनीहरूले
१०० साढ़े, २०० भेड़ा, ४०० थुमा अनि समस्त
इस्राएलको पवित्रिकरण-अर्पणका निम्ति, इस्राएलका
प्रत्येक कुलबाट एक-एक गरी १२ वटा बोका अर्पण
गरे। १८तिनीहरूले यरूशलेममा परमेश्वरको मन्दिरमा
सेवाका निम्ति मोशाको पुस्तकमा लेखिए अनुसार
पूजाहारीहरूलाई र तिनीहरूका विभागमा अनि लेवीहरूलाई
तिनीहरूका वर्गमा स्थापित गरे।

### प्रवेश

१९यहूदीहरू जो कैदबाट फर्केर आएका थिए,
तिनीहरूले पहिलो महीनाको चौधौ दिनमा निस्तार चाड़
मनाए। २०किनभने सबै पूजाहारीहरू अनि लेवीहरूले
स्वयंलाई शुद्ध पारेका थिए। तिनीहरू सबै स्वच्छ थिए।
यसकारण तिनीहरूले कैदबाट फर्केर आउने सबै यहूदीहरू
अनि तिनीहरूका पूजाहारीहरू, अनि तिनीहरूस्वयंका
निम्ति निस्तार थुमा मारे। २१कैदबाट फर्केर आउने
इस्राएली मानिसहरूले निस्तार भोज खाए जसरी परमप्रभु
इस्राएलका परमेश्वरको आराधना गर्नका निम्ति जसले
स्वयंलाई देश तथा राष्ट्रहरूको अस्वच्छ पनबाट अलग
पारेर तिनीहरूसित मिल्नेहरूले गरेका थिए। २२तिनीहरूले
सात दिनसम्म खुबै आनन्द सित अखमिरी रोटीको
उत्सव मनाए। किनभने परमप्रभुले तिनीहरू प्रति अश्शूरका
राजाको* मन परिवर्त्तन गरिदिनु भएर, तिनीहरूलाई
खुशी तुल्याएका थिए, जसद्वारा तिनले परमप्रभु, इस्राएलका
परमेश्वरको मन्दिरको कार्यमा सहयोग दिए।

### एज्रा यरूशलेमा आए

७ फारसका राजा आर्टा-जारसेजको को शासनकालमा,
यी कुराहरू पछि एज्रा बाबेलबाट यरूशलेममा
आए। एज्रा सरायाहका छोरा, अजर्याहका छोरा,
हिल्कियाहका छोरा। २हिल्किया शल्लूमका छोरा, शल्लूम
सादोकका छोरा, सादोक। ३अहीतूबका छोरा, अहीतूब
अमर्याहका छोरा, अमर्याह, अजर्याहका छोरा, अजर्याह
मरायोतका छोरा। ४मरायोत, जरहियाहका छोरा, जरहियाह
उज्जीका छोरा थिए। उज्जी बुक्कीका छोरा थिए।
५बुक्की अबीशूअका छोरा थिए, अबीशूअ पीनहासका
छोरा थिए, पीनहास एलाजारका छोरा थिए, एलाजार
मुख्य पूजाहारी हारूनका छोरा थिए।

**दारा** हैटौवर्ष ५१५ खृ पू ।

**अदार** फर्वरी-मार्च, केहि प्राचीन लेखकहरू (१ एस्दर) या २३ सौ अदार छ।

**अश्शूरका राजा** यसको अर्थ शायद फारस का राजा दारियस हो।

६एज्रा बाबेलबाट यरूशलेम आए अनि तिनी मोशाको
व्यवस्थाको विषयमा राम्रो ज्ञान भएका शिक्षक* थिए।
जो परमप्रभु इस्राएलका परमेश्वरले इस्राएललाई दिनु
भएको थियो। अनि राजाले एज्रालाई उसले चाहेका
हरेक बस्तु दिए किनकि परमप्रभु उसका परमेश्वरले
उसलाई सहायता गर्दै थिए। ७इस्राएलका केही मानिसहरू
केही पूजाहारीहरू, लेवीहरू गवैयाहरू, द्वारपालहरू,
मन्दिरका सेवकहरू। ८राजा आर्ट-जोरसेजको शासनको
सातौ वर्षमा यरूशलेमसम्म आए। ९उनी यरूशलेममा
राजाको सातौ वर्षको पाचौ महिनामा आए किनभने
उनले पहिलो महिनाको पहिलो दिनमा भानेन बाबेल
छाड़े अनि पाँचौ महिनाको पहिलो दिनमा यरूशलेम
आए किनभने उनलाई उनका परमेश्वरले सहायता
गर्दैथिए। १०किनकि एज्राले स्वयंलाई परमप्रभुको शिक्षको
अध्यायन गर्नमा अनि त्यसलाई व्यवहारम परिणत गर्नमा
इस्राएलमा त्यसका सम्बन्धि अध्यादेशहरू अनि कानून
सिकाउनमा आफूलाई समर्पण गरेका थिए।

## राजा आर्ट-जारसेजले एज्रालाई पत्र पठाए

११यो पत्रको प्रतिलिपि हो, जो राजा आर्ट-जारसजले
पूजाहारी लेखेक अनि परमप्रभुबाट विधिका गरु, एज्रा
अनि उसका नियमहरू इस्राएललाई दिएका थिए।

१२आर्ट-जारसेज, स्वर्गका परमेश्वरका राजाहरूका
राजा,
व्यवस्थाका विद्वान पूजाहारी एज्रा प्रति:
अभिवादन! १३अब-म यो आदेश दिँदछु कि
मेरो राज्यमा कोहि पनि इस्राएलका मानिसहरू वा
तिनीहरूका पूजाहारीहरू वा लेवीहरू स्वेच्छाले
तिमीसित यरूशलेममा जान चाहन्छ भने जानसक्छन्।
१४तिमीलाई राजा अनि उनका सातजना
सल्लाहकारहरू परमेश्वरको व्यवस्थाको विषयमा
हेर्न पठाएको छ जुन चाहि तिम्रो हात यहूदा अनि
यरूशलेममाथि छ।
१५तिमीलाई राजा र उनका सलाहकाहरूले
इस्राएलका परमेश्वर, जसको मन्दिर यरूशलेममा
छ, मुक्त रूपले अर्पण गरेका सुन र चाँदीहरू
लिन पठाएका हुन साथै यरूशलेममा तिनीहरूका
परमेश्वरको मन्दिरको निम्ति मानिसहरू अनि
पूजाहारीहरूले गरेका। १६स्वेच्छिक अर्पणहरू सहित
बाबेल प्रदेश भरि तिमीले प्राप्त गर्न सकेका सुन
र चाँदीहरू लानु।
१७त्यसकारण, तिमीले यो पैसाले निर्दिष्ट रूपमा
साँढ भेड़ा, थुमाहरू अनि अन्नवलि एवं अर्धबलि
किन्नु पर्छ, अनि तिमीले ती यरूशलेममा तिम्रो
परमेश्वरको मन्दिरको बेदीमा अर्पण गर्नुपर्छ।
१८बाँकी रहेका सुन अनि चाँदी द्वारा तिम्रो
परमेश्वर को इच्छा अनुसार तिमी अनि तिम्रा
यहूदी भाइहरूका निम्ति के गर्दा राम्रो हुन्छ त्यही
गर्न सक्ने छौ। १९तिम्रा परमेश्वरकको उपासनाका
निम्ति तिमीलाई प्रदान गरिएका भाँड़ा-वर्त्तनहरू
तिमीले यरूशलेमको मन्दिरमा परमेश्वरको समक्ष
राख्नुपर्छ। २०अनि तिम्रा परमेश्वरको मन्दिरका
निम्ति चाहिएका अन्य चीज-बीजहरू, जसको
प्रबन्ध गर्ने जिम्मावारी तिम्रोहो तिमीले राज खजानाबाट
प्रबन्ध गर्न सनेछौ।
२१म, राजा आर्ट-जारसेजले यो आदेश पनि
ती कोषाध्यक्षहरूलाई दिदंछु जो यूफ्रेटिस नदीपारिका
प्रदेशमा छन् कि पूजाहारी, स्वर्गका परमेश्वरका
एक विद्वान एज्राले जे भने पनि त्यसलाई पुर्ण
परिश्रम सहित गरे। २२ ३४००किलो ग्राम चाँदी,
२५० मूरी गहुँ, २२,००० लीटर दाखरस २२,०००
लीटर। भद्राक्षेको तेल अनि चाहियजती नुन समेत
पुर्णरूपले तुरून्तै दिनु। २३स्वर्गका परमेश्वरले
गर्नु भएको जेसुकै आदेश पनि पुर्णरूपले तुरून्तै
गर्नु। परमेश्वरको मन्दिरको निम्ति सम्पुर्ण परिश्रमले
गर्नु जसमा कि परमेश्वरको क्रोध राजा अनि
उनका छोराहरूका राज्य माथि पर्न नओवस्।
२४हामी तिमीहरूलाई सुचित गर्छौ, कि समस्त
पूजाहारीहरू लेवीहरू, गायकहरू, द्वारपालहरू,
मन्दिरका सेवकहरू अनि परमेश्वरको यो मन्दिरका
अन्य सेवकहरूले कुनै प्रकारका तिरो तिर्नु पर्ने
छैन। २५अनि एज्रा, तिमीसित भएका तिम्रा
परमेश्वरका ज्ञान अनुसार तिमीले नदीपारीको प्रदेशका
मानिसहरूको न्याय गर्न न्यायकर्त्ता अनि हाकिमहरूको
नियुक्ति गर्नु जसले तिम्रो परमेश्वरको व्यवस्था
जान्दछन्। अनि जसले जानदैनन्, तिनीहरूलाई
तिमीले सिकाउने छौ। २६जसले तिम्रा परमेश्वरका
व्यवस्था अनि राजाका व्यवस्थाको पालन गर्दैन
त्यसमाथि मृत्यु वा देश निकाला द्वारा वा जरिमाना
कित कारावास पुर्णरूपले पुर्ण परिश्रम द्वारा तुरून्तै
न्याय गरियोस।

## एज्राबाट परमेश्वरको महिमा

२७परमप्रभु, हाम्रा पुरर्खाका परमेश्वरको स्तुति गर।
उसले राजा र यरूशलेमका परमप्रभुको मन्दिरलाई यस
प्रकारले सम्मानित गर्ने तुल्याए।
२८अनि उसले मलाई राजा, तिनका सलाहकार
अनि राजाका प्रमुख अधिकारीहरूका उपस्थितिमा उसको
प्रेम दर्शाए। परमप्रभु, मेरा परमेश्वरले मलाई सहायता
गरिरहनु भएको हुनाले म उत्साहित भएको छु। अनि

**शिक्षक** यो व्यक्तिले पुस्तक हरूको प्रतिलिपि बनाउँथे। यी मानिसहरूले ती पुस्तकहरू अध्ययन गरेर शिक्षक भए।

म संघ यरूशलेमसम्म जानका निम्ति इस्राएलका अगुवाहरूलाई एकत्रित गरें।

### एज्रासंग फर्केर आउने अगुवाहरूको सूची

८ यी तिनीहरूका विस्थापित कुल वंशाका अगुवाहरू ती हुन् जो राजा आर्ट-जारसेज को शासनकालमा मसंग बाबेलदेखिमाथि गए। २पीनहासका कुलका: गेर्शोम, ईतामारका कुलबाट: दानियेल दाऊदका कुलबाट: ३शकन्याहका कुलका, हत्तूश परोशका कुलबाट: जकर्याह अनि तिनी सित सूची भएका १५० मानिसहरू थिए। ४पहत-मोआबका कुलबाट: एल्याहोएनै, जरहियाहका छोरा अनि तिनीसित २०० मानिसहरू। ५जत्तूका कुलहरूबाट: यहजीएलका छोरा शकन्याह अनि तिनी सित ३०० मानिसहरू। ६आदीनका कुलबाट: जोनाथनका छोरा एबेद अनि तिनी सित ५० मानिसहरू। ७एलमाका कुलबाट: अतल्याहका छोरा यशयियाह अनि तिनी सित ७० मानिसहरू। ८शपत्याहका कुलबाट: मीकाएलका छोरा जबदियाह अनि तिनी सित ८० मानिसहरू। ९योआबका कुलबाट: यहीएलका छोरा ओबदियाह अनि तिनीसित २१८ मानिसहरू। १०बानीका कुलबाट: योसिपियाहका छोरा शलोमीत अनि तिनीसित १६० मानिसहरू। ११बेबैका कुलबाट: बेबैका छोरा जकार्याह अनि तिनीसित २८ मानिसहरू। १२अज्गादका कुलबाट: हक्कातान छोरा योहानान अनि तिनीसित ११० मानिसहरू। १३आखिरी चाँहि अदोनीकाम, सन्तानबाट थिए तिनीहरूका नाउँ: एलीपेलेत, यीएल र शमायाह तिनीहरूसित ६० मानिसहरू थिए। १४बैग्बै कुलबाट: उत्तै अनि जब्बूद अनि तिनीहरू सित ७० मानिसहरू थिए।

### यरूशलेमा फर्कीएका

१५मैले तिनीहरूलाई नदीको छेउमा भेला गरें जो अहवातर्फ बग्छ, हामी त्यहाँ छाउनी लगएर तीन दिनसम्म बस्यौ। मैले ती मानिसहरू अनि पूजाहारीहरूलाई हेरे तर मैले त्यहाँ कुनै लेवीहरूलाई देखिन। १६यसकारण मैले एलाजार, अरीएल, शमायाह, एल्नातान, यारीब, एल्नातान, नातान, जकर्याह र अश्शूलाम, जो अगुवाहरू अनि योयारीब र एल्नातानहरूलाई बोलए तिनीहरू बुझ्कि मानिस थिए। १७अनि मैले तिनीहरूलाई कासिपियाह नामक स्थानमा अगुवा इद्दो कहाँ पठाएँ। इद्दो र तिनका दाज्यू-भाइहरू अनि कसिपियाह स्थानको मन्दिरका सेवकहरूलाई के भन्नु पर्ने सो भने जसद्वारा तिनीहरूले हामी कहाँ हाम्रा परमेश्वरको मन्दिरको निम्ति कर्मीहरू ल्याउन सकोस्।

१८ किनभने हाम्रा परेमश्वरले हामीलाई सहयाता
गर्नु भयो, तिनीहरूले हामीकहाँ एक
वुद्धिमान मानिस, लेवीको छोरा महलीका
कुलहरूका। इस्राएलका छोरा जस्तै
शरेबियाह र तिनका छोराहरू भाइहरू एव
अन्ने मानिसहरू।
१९ अनि शरेबियाह तिनीसित मरारीका सन्तानहरूका
यशैयार तिनका भाई र छोराहरू।
२० अनि मन्दिरका सेवकहरू जसलाई दाऊद
अनि राजकुमारहरूले लेवीहरूलाई सहायता
गर्न नियुक्त गरेका थिए। २२० जना
मन्दिरमा सेवकहरू पठाए। ती सबै का
नाउँ सूचीमा लेखिए।

२१त्यहाँ अहवा नदीको छेउमा, हामीहरू अनि हाम्रा केटा-केटीहरू र हाम्रा सबै सम्पत्तिहरूको निरापद यात्राको निम्ति उहाँसित विन्ती गर्नलाई हामी परमेश्वरको समक्ष स्वयंलाई विनम्र तुल्याउन सकौ भनी उपवासको घोषणा गरें। २२किनभने यात्रामा हामीलाई शत्रुहरूबाट सुरक्षित राख्नको निम्ति राजासंग सैनिक अनि घोड़सवारहरूको माग गर्नमा लज्जित थियौं। किनभने हामीले राजालाई भनेको थियौ, "हाम्रा परमेश्वरले ती सबैलाई सहायता गर्नु हुन्छ, जो उहाँ प्रति विश्वास गर्छन् तर उहाँ तिनीहरू प्रति अति क्रोधित हुनुहुन्छ, जो उहाँदेखि टाढा हुनछन्।" २३यसर्थ हामीले यसका निम्ति उपवास गर्‍यौ र हाम्रा परमेश्वर प्रति प्रार्थना गर्‍यौ अनि उहाँले हाम्रो प्रर्थनाको उत्तर दिनु भयो।

२४त्यसपछि मैले शेरेब्याह र हबिशयाह अनि तिनीहरूका भाईहरू मध्ये दशजना पूजाहारीहरू सहित १२ जना अगुवाहरूलाई चुनें। २५त्यसपछि राजा र तिनका सल्लाहकारहरू र अधिकारीहरू त्यहाँ उपस्थित भएका इस्राएलका सबै मानिसहरूले हाम्रा परमेश्वरको मन्दिरका निम्ति अर्पण गरेका सुन, चाँदी र भाँड़ा-वर्त्तनहरू तौलेर मैले तिनीहरूलाई दिए। २६मैले तौलिऐर तिनीहरूलाई २२,१०० किलो ग्राम चाँदी १०० चाँदीका भाड़ाहरू ३,४०० किलो ग्राम ओजनको, ३,४०० किलोग्राम सुन २७सुनका कचौराहरू ८ १/२ किलोग्राम ओजनको, २८तब मैले ती बाह्र पूजाहारीहरूलाई भने, "तिमीहरू अनि यी चीजहरू परमप्रभुको निम्ति पवित्र छौ। मानिहरूले तिमीहरूका पिता-पुर्खाका परमेश्वरलाई सुन र चाँदीहरू दिए। २९यिनीहरू को खूबै होशियारी सित रक्षा गर। जब सम्म तिमीहरूले पूजाहारीहरू अनि लेवीहरूका अगुवाहरू अनि यरूशलेममा इस्राएल कुलका प्रमुखहरू समक्ष परमप्रभुको मन्दिरको कोढ़ाहरू भित्र तौलँदैनौं।"

३०यसर्थ पूजाहारीहरू र लेवीहरूले जोखिएका ती सुन-चाँदी र अरू मत्तोपुर्ण सामानहरू यरूशलेममा, हाम्रा परमेश्वरको मन्दिरमा ल्याउनका निम्ति प्राप्त गरे।

**३१**हामीले यरूशलेम जानका निम्ति पहिलो
महिना* को बाह्रौ दिनमा अहावा नदी छोड़ियौ।
अनि हाम्रा परमेश्वर हामीसित हुनुहुन्थ्यो र उहाँले
हामीलाई शत्रुहरूको शक्ति र चोरहरूबाट बाटोमा
सुरक्षित गर्नुभयो। **३२**अनि हामी यरूशलेम
आइपुग्यौ। त्यहाँ हामीले तीनदिन विश्राम गर्‍यौ।
**३३**चौथो दिनमा हामीले हाम्रा परमेश्वरको मन्दिरमा
ती चाँदी अनि सुन अनि सामानहरू जोखियौ र
ती पूजाहारी उरियाहका छोरा मरेमोत साथै पीनहासका
छोरा एलाजार अनि तिनीहरूसित लेवीहरू, येशूअका
छोरा योजाबाद अनि बिन्नुईका छोरा नोअदियाहलाई
दियौ। **३४**हरेक वस्तुको संख्याद्वारा ओजन जाँच
गरि अनि त्यस समयमा ठोस ओजन टिपियो।
**३५**तब कैदबाट फर्केर आउने यहूदीहरूले
इस्राएलका परमेश्वरलाई समस्त इस्राएलका निम्ति
होमबलि अर्पण गरे १२ वटा साँढ़े, ९६ वटा
भेड़ा, ७७ वटा थुमा अनि पाप बलिका निम्ति
१२ वटा बोकाहरू यी सबै परमप्रभुका निम्ति
होमबलि थिए।
**३६**तिनीहरूले राजाका आदेश पनि राज
अधिकारीहरू अनि नदीपारीका प्रशासकहरूलाई
दिए। तब तिनीहरूले यी अधिकारीहरूले
प्रशासकहरू अनि इस्राएलका मानिसहरूले
परमेश्वरको मन्दिरलाई सहयोग दिए।

## विदेशी जातिहरूसंग विवाह

**९** यी कुराहरू गरेपछि अगुवाहरू म कहाँ आए र
भने, "इस्राएलका मानिसहरू पूजाहारी अनि लेवीहरू
भूमिका मानिसहरूबाट स्वयं पृथक भएका छैनन्। ती
इस्राएलका मानिसहरूले कनानी, हित्ती, परिज्जी, यबूसी,
अम्मोनी, मोआबी, मिश्री अनि एमोरीसँग घिनलाग्दा
कार्य गरेकाछन्। **२**किनभने तिनीहरूले आफू स्वयं अनि
आफ्ना छोराहरूका निम्ति तिनीहरूले वरिपरीका छिमेकिका
छोरीहरूलाई पत्निको रूपमा राखेकाछन्। अनि तिनीहरूले
पवित्र मानिसहरूलाई भूमिका अरु मानिसहरूसित
मिलाएका छन्। अधिकारीहरू र अगूवाहरूले परमेश्वर
प्रति अविश्वसनीय कार्यमा अगुवाइ गरेकाछन्।" **३**जब
यो वचन मैले सुने मेरो पहिरन च्यातें अनि मैले मेरो
शिरका केश र दाह्री उखाले **४**म अति आघातको
अवस्थाया बसें। तब सबै मानिसहरू मकहाँ आए, जो
इस्राएलका परमेश्वरको वचनद्वारा डरले काँमेका थिए।
तिनीहरू भयभीत थिए किनभने मानिसहरू जो कैदमा
थिए, तिनीहरू परमेश्वर प्रति अविश्वसनीय थिए। अनि
म साँझ बलिदान नहुञ्जेल आघातको अवस्थामा बसें।
**५**तब साँझको बलिदानको समयमा लज्जीत अवस्थ्यामा
बसिरहेको देखि म उठें अनि च्यातिएका पहिरन अङ्ग
वस्त्र सहित म घुडाटेकेरे निहुरिए र परमप्रभु मेरो
परमेश्वर तर्फ मैले मेरा हात फैलाएँ **६**र मैले भने"
हे मेरो परमेश्वर, तपाईं प्रति मेरो अनुहार उठाउनु
होस हे परमेश्वर, म अत्यन्तै लज्जित एवं घबराहट् छु
तपाईंलाई माथिहेर्न। **७**किनभने हाम्रो पापहरू हाम्रोशिर
जतिकै उच्च भएर बढ़ेका छन्। अनि हाम्रो अपराधहरू
धेरै भएकाछन्। हाम्रा पापको कारणले आज हामी,
हाम्रा राजाहरू अनि हाम्रा पूजाहारीहरू। विदेशी राजाहरूबाट
तरवार, कैद, लुटमार अनि लाज र हीनता बोझद्वारा
दण्डित भएकाछै।
**८**अनि अहिले क्षण भरका निम्ति हाम्रा परमप्रभु
परमेश्वरले हामी प्रति दया दर्शाउनु भएको छ। हामीमध्ये
केहीलाई कैदी बाट उम्कन दिनु भएर अनि आफ्नो
पवित्रस्थानमा हामीलाई सुरक्षित स्थान दिनुभएर जसमा
कि हाम्रा परमेश्वरले हामीलाई नया आशा दिनुहुन्छ,
अनि हाम्रो दासत्वबाट हामीलाई नयाँ जीवन दिनु हुन्छ।
**९**किनभने हामी दासहरू हौ तर हाम्रा परमेश्वरले
हामीलाई हाम्रो दासत्वबाट छाड़नु भएको छैन। हामीलाई
नया जिवन दिनु भएर हाम्रा परमेश्वरको मन्दिर पुनर्निर्माण
गर्न अनि त्यसको जीर्णोद्धार गर्नका निम्ति यहूदा एवं
यरूशलेममा हामीलाई संरक्षणशील पर्खाल* दिनु भएर
फारसका राजा समक्ष उहाँले हामीलाई प्रेम, भक्तिभाव
र दया दर्शाउनु भएको छ।
**१०**तर अब हाम्रा। परमेश्वर, यसपछि हामी के
भन्नसक्छौ? किनभने हामीले तपाईंका आदेशहरू ल्याएका
छौ। **११**जो तपाईंले तपाईका सेवकहरू अगमबक्ताहरू
द्वारा दिनु भयो। जब तपाईंले भन्नु भयो: "त्यो भूमि
जसलाई अधिकारमा लिन तिमीहरू प्रवेश गरिरहेछौ,
मानिसहरूको दुष्ट कार्यले गर्दा त्यो भूमि भष्ट भएका
छन्। तिनीहरूले त्यो भूमि एक छेऊ देखि अर्को छेऊ
सम्म कुकर्म अनि अशुद्धताले भरिएको छन्। **१२**त्यो
भुमिमा तिनीहरू एक छेउ देखि अर्कोछेउसम्म आफ्ना
दुष्कर्म द्वारा आफ्ना अस्वच्छ पनाद्वारा मरेका थिए।
यसर्थ आफ्ना छोरा-छोरीहरूको लागि तिनीहरूका छोरा-
छोरीहरूसंघ पति-पत्नीको रूपमा तिनीहरूको कल्याण
अथवा सफलताको चाहना कहिल्यै नगर जसद्वारा
तिमीहरू शक्तिशाली हुनेछौ।"
**१३**अनि तिमीहरूले त्यस भूमिको असल कुराहरूको
भोग गर्न सक्ने छौ र तिमीहरूले सदाको निम्ति यसलाई
पैतृक सम्पत्ति को रूपमा आफ्ना छोरा-छोरीहरू तथा
सन्तानलाई दिन सक्ने छौ। आखिरमा हाम्रो दुष्टकर्म
अनि महादोषको कारणले त्यो हामी माथि आइपरेको

---

**पहिलो महिना** मार्च-अप्रेल, ४८५ खृ पू ।

**पर्खाल** यहाँ पर्खालले शहर वरिपरिको भौतिक पर्खाल भन्दा फारसी अधिकारीहरूका सहयोग द्वारा व्यवस्था गरिएको सुरक्षा बुझिन्छ।

भएता पनि तपाईं, हाम्रा परमेश्वरले हाम्रो पापप्रति।
१४उचित भन्दा कमदण्ड दिनु भएकोछ तपाईंले हामीलाई
यसरी बाँच्नेहरूको एक समूह दिनु भए पछि के हामिले
फेरि तपाईंको आदेश भङ्ग गर्नु, अनि यी इच्छा विपरित
कार्य गर्ने मानिसहरू सित अन्तविवाह गर्नु? के हामीलाई
नष्ट गर्नका निम्ति तपाईं क्रोधित हुनुहुन्न। जसमा कि
त्यहाँ कोही पनि रहने छैन?

१५हे परमप्रभु इस्राएलका परमेश्वर तपाई असल
हुनुहुन्छ! किनभने आज हामी बाँच्नेहरूको समुहमा
छाड़िएका छौ। यो दोष को कारण कोही पनि तपाईंको
समक्ष निर्दोष घोषित हुन नसकेता पनि हामी दोष सहित
यहाँ तपाईंका समक्ष छौ।

## मानिसहरूकोले आफ्ना पापहरू मानिलिए

१० जब एज्राले स्वयं रूँदै परमेश्वरको मन्दिर
अघि बसेर प्रार्थना गरे। र दोष स्वीकार गरे
त्यसबेला इस्राएली पुरूष, स्त्री र केटा-केटीहरूको
ठूलो भिड़ तिनीकहाँ भेला भए। किनभने मानिसहरू
जोडले रोइरहेका थिए। २शकन्याह, यहीएलको छोरा,
एलामका कुलहरू मध्ये एक-ले एज्रालाई भने, “हामी
हाम्रा परेमश्वर प्रति विश्वासहीन भएको छौ। त्यस
भूमिका विदेशी स्त्रीहरूसित विवाह गरेर। ३अब, यस
विषयमा इस्राएलका निम्ति अझ आशा छ। यसर्थ
अब यी समस्त पत्नीहरू अनि तिनीहरूका छोरा-
छोरीहरूलाई मेरा मालिक एज्रा को अनि हाम्रा परमेश्वरको
आदेश र आदर गर्नेहरूको सल्लाह अनुसार पठाउनका
निम्ति व्यवस्था अनुसार हाम्रा परमेश्वर सित हामी एक
करार गरौ। ४उठ, किनभने यो तिम्रो जिम्मेवारिको
कुरा हो अनि हामी तिम्रोसाथ छौ। यसो गर्ने साहस
गर।”

५यसर्थ एज्रा उठे र उनले पूजाहारीहरू लेवीहरू
अनि इस्राएलका समस्त मानिसहरूका अगुवाहरूलाई,
जे गर्ने सल्लाह भएको छ। त्यही गर्ने शपथ दिलाए।
तिनीहरूले त्यसैगर्ने शपथ गरे। ६त्यसपछि एज्रा परमेश्वरको
मन्दिर सामुनेबाट पर गए अनि उनी एल्यासीबका छोरा
योहानान कोठामा गए अनि उनले त्यही रात बिताए।
उनले त्यहाँ रोटी खाएनन्, अनि पानी पनि पिऐनन्,
किनभने कैदी बाट फर्केर आउनेहरूको अविश्वासीपनले
गर्दा उनी अझ अफशोस गर्दै थिए। ७तिनीहरूले
कैदीबाट फर्केर आउने सबैलाई यरूशलेममा भेला हुनु
भनि यहूदा अनि यरूशलेम भरि घोषणा गरे। ८तीन
दिन भित्रमा जो आउदैन, अधिकारी अनि धर्मगुरूको
निर्णय अनुसार उसले आफ्नो सम्पूर्ण सम्पत्ति गुमाउन
सक्ने छन्। अनि उसलाई फर्केर देशनिकालाहरूको
समूहबाट अलग गरिनेछ।

९यसर्थ तीन दिन मित्र मा यहूदा अनि बिन्यामीनका
समस्त मानिसहरू यरूशलेममा भेला भए। यो नवौ
महिनाको बिसौ दिन थियो। समस्त मानिसहरू परमेश्वरको
मन्दिरको खुला स्थानमा बसेका थिए। अनि त्यस
वृष्टिको कारणले तिनीहरू डरले काम्दै थिए। १०तब
पूजाहारी एज्रा उठे अनि तिनीहरूलाई भने, “विदेशी
स्त्रीहरू विवाह गरेर तिमीहरू अविश्वसनीय भएका छौ
यसरी इस्राएलमा अपराध बढ़ाएका छौ। ११यसर्थ अब
हाम्रा पिता-पुर्खाका परमेश्वर प्रति अपराध स्वीकार गर
अनि उहाँको इच्छा अनुसार कार्य गर। तिमीहरूले
स्वयंलाई त्यस भुमिका मानिसहरूबाट अनि तिमीहरूका
विदेशी पत्नीहरूबाट अलग गर।”

१२सम्पुर्ण सभाले उच्च आवाजमा उत्तर दिए, “हजूर,
तपाईंलेभन्नु भए अनुसार हामीले गर्नु पर्छा १३तर यहाँ
धेरै मानिसहरू छन् अनि यो वर्षा ऋतु हो। यसर्थ हामी
बाहिर उभिन सत्तैनौ। यो काम एक वा दुइ दिनको
होइन, किन हामीले यस कुरामा महानरूपले पाप
गरेका छौ। १४हाम्रा अधिकारीहरू, प्रमुखहरूले सम्पूर्ण
सभाको प्रतिनिधित्व गरून् अनि हाम्रा शहरका सबैजना
जसले विदेशी स्त्रीहरू विवाह गरेका छन्। तिनीहरूसित
प्रत्येक शहरका धर्मगुरू अनि त्यहाँका न्यायकर्त्ताहरू
नियोजित समयमा आउन्, जब सम्म यस विषयमा हाम्रा
परमेश्वरको जल्दो क्रोध हामीबाट टाढ़ा हटदैन।”

१५केवल असाहेलका छोरा जोनाथन अनि, टिकभाहका
छोरा याजयाहले विरोध गरे। अनि मशुल्लाम, शब्बतै
लेवीले तिनीहरूलाई समर्थन गरेनन्।

१६फर्केका कैदीहरूले यसो गरे। पूजाहारी एज्राले
कुलका प्रमुखहरूलाई आफ्ना कुलका विभागको
प्रतिनिधित्व गर्नका निम्ति थरि थरिका मानिसहरू चुने
अनि ती सबैलाई नाउँद्बारा पदस्थ गरेका थिए। दशौ
महिनाको को पहिलो दिन तिनीहरू विषय अध्ययन गर्न
बसे। १७तिनीहरूले ती सबै मानिसहरू, जसले विदेशी
स्त्रीहरू विवाह गरेका थिए। व्यापार अर्कोवर्षको
पहिलो महिनाको पहिलो दिन सम्ममा पुरा गरे।

## मानिसहरूको सूची जसले विदेशी स्त्रीहरू संग विवहा गरेका थिए

१८विदेशी स्त्रीहरू विवाह गर्ने पूजाहारीका सन्तान
मध्ये यिनीहरू भेट्टीए:

योशादाकका छोरा येशुअको सन्तान अनि भाईकाहरूका:
मासेयाह, एलाजार, यारीब अनि गदल्याह। १९तिनीहरू
सबैले आफ्ना पत्नीहरूलाई तलाक दिने वचन दिए अनि
तिनीहरू प्रत्यकले आफ्ना बथानबाट एउटा भेड़ा आफ्ना
दोषका निम्ति दोष बलि अर्पण गरे।

२०इम्मेरका कुलहरूबाट: हनानी अनि जबदियाह।

२१हारीमका कुलहरूबाट: मासेयाह, एलियाह, शमायाह,
यहीएल, र उज्जियाह।

२२पशहूरका कुलहरूबाट: एल्योएनै, मासेयाह,
इश्माएल, नतनेल, योजाबाद अनि एलासा।

२३लेवीहरू मध्ये: योजाबाद, शिमी, केलायाह, पतहियाह, यहूदा अनि एलाजार।

२४गवैयाहरू मध्ये: एल्याशीब।

द्वारपालहरू मध्ये: शल्लूम, तेलेम अनि ऊरी।

२५अनि रहेका, अन्य इस्राएली मध्ये:

परोशका कुलहरूका: रम्याह, यिज्जिया, मल्किया, मिय्यामीन, एलाजार, मल्कियाह, बनायाह।

२६एलामका कुलहरूबाट: मत्तन्याह, जकर्याह, यहीएल, अब्दी, यरेमोत अनि एलिया।

२७जत्तूका कुलहरूबाट: एल्योएने, एल्याशीव, अत्तन्याह, यरेमोत, जरबाद अनि अजीजा।

२८बेबैका कुलहरूका: यो मानिसहरू येहोहानान, हनन्याह, जब्बै अनि अत्लै।

२९बानीका कुलहरूबाट: मशूल्लाम, मल्लूक, अदायाह, याशूब, शाल अनि यरेमोत।

३०पहत-मोआबका कुलहरूबाट: अद्ना, कयाल, बनायाह, मासेयाह, मत्तन्याह, अस्लेल बिन्नूई अनि मनश्शे।

३१हारीमको कुलहरूबाट यी मानिसहरू: एलाजार,
यिश्शियाह, मल्कियाह, शमायह, शिमोन। ३२बिन्यामिन,
मल्लूह, अनि शमर्याह।

३३हाशूमका कुलहरूबाट यी मानिसहरू मत्तनै, मत्तता, जाबाद, एलीपेलेत, येरेम, मनश्शे अनि शिमी।

३४बानीका कुलहरूबाट यी मानिसहरू: मादे,
अम्राम, अनि ऊएल। ३५बनायाह, बेदयाह कलूही।
३६बन्याह, मरेमोत, एल्याशीब। ३७मत्तन्याह, मत्तनै
अनि यासू।

३८बिन्नूईको कुलहरूबाट यी मानिसहरू: ३९शिमी,
शेलेम्याह, नातान अनि अदाया। ४०मक्नादबै, शाशै,
अनि शारै। ४१अब्रेल शेलेम्याह, शमर्याह। ४२शल्लूम,
अमर्याह अनि योसेप।

४३नबोका कुलहरूबाट यी मानिसहरू: यीएल, मत्तियाह जाबाद, जीबना, इद्दै, योएल अनि बनायाह।

४४यी सबै मानिसहरूले विदेशी स्त्रीहरूलाई विवाह गरेका थिए, अनि तिनीहरू कसैको पत्नीहरूसंग छोरा-छोरीहरू थिएनन्।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html